**UNIVERSITY OF NORTH BENGAL**

**प्रोफेसर डा० भीमकान्त उपाध्याय**

नेपाली विभाग
उत्तर बङ्ग विश्वविद्यालय
राजा राममोहनपुर, दार्जिलिङ ।

## शोध-निर्देशकको मन्तव्य

"भारतमा नेपाली भाषा र साहित्यको उत्थानमा पारसमणि प्रधानले गरेका योगदानको विश्लेषणात्मक मूल्याङ्कन" नामक नेपाली विषयको प्रस्तुत विद्यावारिधि (पी० एच० डी०) शोध-प्रबन्ध श्री जस योञ्जनले मेरो निर्देशनमा शोध सम्बन्धी नियम र अनुसन्धानतर्फ विशेष सचेत रही तथा विषयमा लगनशील भई गहन अध्ययन गरेर तयार पार्नुभएको हो ।

पारसमणि प्रधान नेपाली भाषीहरूका बीचमा मात्र नभएर नेपाली भाषा-साहित्यमा रूचि राख्ने अनेपाली भाषीहरूका बीचमा पनि सुपरिचित नाम हो । पारसमणि प्रधानले भारतमा र खास गरेर पश्चिम बङ्गालमा नेपाली भाषा-साहित्यलाई सरकारी मान्यता प्रदान गराई त्यसको अध्ययन, अध्यापन गराउने व्यवस्था मिलाउन अथक परिश्रम गरेका हुन् । त्यस्तै साहित्य एकाडेमी, दिल्लीबाट नेपाली भाषा-साहित्यलाई मान्यता प्रदान गराउने एवम् भारतको संविधानको आठौँ अनुसूचीमा नेपाली भाषालाई अन्तर्भुक्त गराई यसको राष्ट्रिय मान्यता वा स्वीकृति गराउने जस्ता कामहरूमा पनि पारसमणि प्रधानको योगदान स्मरणीय रहेको छ । प्रस्तुत शोध-प्रबन्ध यिनै नेपाली भाषा-साहित्य प्रेमी एवम् सेवी पारसमणि प्रधानले भारतमा नेपाली भाषा र साहित्यको उत्थानमा गरेका योगदानको विश्लेषण र मूल्याङ्कनमा केन्द्रित छ ।

प्रस्तुत शोध-प्रबन्ध सात अध्यायमा विभाजित छ । यसको पहिलो अध्याय 'शोधकार्यको परिचय' रहेको छ भने दोस्रो अध्याय 'पारसमणि प्रधानको जीवनवृत्त' रहेको छ । तेस्रो अध्यायमा भारतमा नेपाली भाषा-र साहित्यको पृष्ठभूमि अनि विकासको चर्चा छ र यसै अध्यायमा पारसमणि प्रधानका नेपाली भाषा र साहित्य साधनाका चरणहरू छुट्याएर चरणगत कार्यावलीको चर्चा-विवेचना गरिएको छ । चौथो अध्याय 'नेपाली भाषाको विकासमा पारसमणि प्रधानको योगदान' रहेको छ

North Bengal University
Library
Raja Rammohanpur

र यस अध्यायमा शोधकर्त्ताले नेपाली भाषा-अध्ययन परम्परादेखि लिएर भारतमा नेपाली भाषाको पठन-पाठनका निम्ति भाषा, व्याकरण एवम् कोशादि ग्रन्थहरूको निर्माण गरेर पारसमणि प्रधानले तत्कालीन आवश्यकता पूर्ति गर्न गरेका कार्यहरूको यथासम्भव चर्चा-विवेचना गर्नुभएको छ। पाँचौं अध्याय 'नेपाली साहित्यको विकासमा पारसमणि प्रधानको योगदान' रहेको छ र यसमा शोधकर्त्ताले पारसमणि प्रधानले साहित्यका कविता, कथा, नाटक, निबन्ध, उपन्यास जस्ता विधाहरूमा कलम चलाएर नेपाली साहित्यको पठन-पाठन र प्रचार-प्रसारका निम्ति गरेका कार्यहरूको विश्लेषणात्मक चर्चा-विवेचना गर्नुभएको छ। छैटौँ अध्याय 'भारतमा नेपाली भाषा र साहित्यको उत्थानमा पारसमणि प्रधानले गरेका योगदानको मूल्याङ्कन' रहेको छ। यस अध्यायमा शोधकर्त्ताले पारसमणि प्रधानले भारतमा नेपाली भाषा र साहित्यको उत्थानका निम्ति गरेका योगदानको मूल्याङ्कन गर्नुभएको छ। मूल्याङ्कन यथासम्भव वस्तु-तथ्यमा आधारित छ। सातौँ अध्याय 'उपसंहार' हो। यस अध्यायमा शोध प्रबन्धका पूर्ववर्त्ती अध्यायहरूमा गरिएका विश्लेषणात्मक चर्चादिको सारसङ्क्षेप प्रस्तुत गरिएको छ र शोध कार्यबाट प्राप्त निष्कर्षलाई पनि प्रस्तुत गरिएको छ।

शोधकर्त्ताले पारसमणि प्रधान सम्बन्धी नयाँ-पुराना कुराहरू खोजी गरेर, प्रमाणयुक्त तथ्यहरू प्रस्तुत गरेर पारसमणि प्रधानको व्यक्तित्व र कृतित्वमा यथासम्भव प्रकाश पार्ने, पारसमणि प्रधानले गरेका भाषा र साहित्य सम्बन्धी कार्यहरूको समीचीन मूल्याङ्कन गर्ने प्रयास गर्नुभएको छ भन्ने म ठान्दछु। 'परिशिष्ट'-मा रहेको पारसमणि प्रधानका प्रकाशित रचना-कृतिहरूका साथै अप्रकाशित रचना-कृतिहरूको सूचीले पनि पारसमणि प्रधान सम्बन्धी केही नयाँ जानकारी दिनसक्छ।

अन्त्यमा म प्रस्तुत विद्यावारिधि (पीएच० डी०) शोध-प्रबन्धको उचित मूल्याङ्कनका निम्ति उत्तर बङ्ग विश्वविद्यालयलाई समुचित प्रबन्ध गरियोस् भनी संस्तुति गर्दछु। अस्तु !!

शोध-निर्देशक,

मिति :- २७. ६. १९९९

भीमकान्त उपाध्याय

(डा० भीमकान्त उपाध्याय)
Professor